म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- ९२ २०८२ फागुन ७ गते बिहीबार 19 February 2026, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं ।**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो ।
- शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन् ।
- प्रतिनिधिहरुमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो ।

प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।
राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बकैया कला साहित्य महोत्सव सम्पन्न

# विभिन्न विधाका ११ जना नगदसहित सम्मानित



*झरना साहित्यिक परिवारबाट सम्मानित व्यक्तित्वहरु ।*

समाज संवाददाता

छतिवन (बकैया) : हरेक वर्ष झै यसवर्ष पनि मकवानपुरको बकैयामा क्रियाशील अग्रणी साहित्यिक संस्था झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा बकैया कला साहित्य महोत्सव २०८२ सम्पन्न भएको छ । ३२४ औं साहित्य श्रृंखला एवम् ३३ औं वार्षिकोत्सवको अवसरमा आयोजित दुई दिने साहित्य महोत्सवमा विभिन्न विधाका ११ जना सम्मानित भएका छन् ।

बकैया-४, स्थित महेन्द्र माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को सहकार्य मंगलबार र बुधबार महोत्सव भएको थियो । महोत्सवमा पुरस्कार समर्पण, चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्य, बकैयाको काव्य महक, समकालीन गजल मुक्तक उत्सव, समकालीन काव्य उत्सव, सम्मानित स्रष्टाको रचना वाचन तथा नवसर्जक रचना वाचनलगायतका कार्यक्रम भएको थियो ।

संस्थाले प्रत्येक वर्षझै यस वर्ष पनि पत्रकारिताका माध्यमबाट संस्थाको उन्नयनमा सहयोग गरेबापत ११ हजार १११ राशिको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान-२०८२ बाट यसवर्ष काठमाडौंमा कार्यक्षेत्र बानाएर लामो समयदेखि पत्रकारिता गर्दै आएका मकवानपुरका दीपक अधिकारीलाई प्रदान गरेको छ ।

यस्तै, १५ हजार ५५५ राशिको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८२ मकवानपुरका निमेष निखिललाई प्रदान गरेको छ भने युवा साहित्यकारलाई प्रदान गरिँदै आएको नगद ८ हजार पाँच सय राशिको खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८२ नेपालगञ्जकी ऋचा लुइटेललाई प्रदान गरिएको छ । यसअघि संगीता थापालाई प्रदान गरिने भनिएको मकवानपुरका महिला साहित्यकारलाई प्रदान गरिँदै आएको नगद ७ हजार ७७७ राशिको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मान-२०८२ एसआर मन्जरी ओलीलाई प्रदान गरिएको संस्थाका सचिव निलहरि ढुङ्गेलले जानकारी दिनुभयो ।

७ हजार ७७७ रुपैयाँको सञ्जीवनी बुटी साहित्य सम्मान-२०८२ मकवानपुरका अर्पण पराजुलीलाई प्रदान गरिएको छ भने ५ हजार ५५५ रुपैयाँ राशिको बकैयाका नवप्रतिभाको सम्मान झरना-बकैया नवप्रतिभा पुरस्कार-२०८२ यसवर्ष बकैया-३ स्थित बुद्ध मावि हात्तीसुढेकी मोनिका नेगीलाई प्रदान गरिएको हो । मकवानपुरमा रहेर कलाका क्षेत्रमा योगदान गरेवापत प्रदान गरिँदै आएको ७ हजार ७७७ सहितको खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८२ यस वर्ष हेटौंडाका सूर्य सन्यासी र छन्द कवितामा उल्लेख्य योगदान गरेवापत नगद ७ हजार ७७७ र ाशिसहितको ऋषेश्वर-रुक्मिणी-लक्ष्मीदेवी खनाल साहित्य सम्मान-२०८२ भैरहवाकी सिर्जना खनाललाई प्रदान गरिएको हो । यसै वर्ष स्थापना गरिएको ११ हजार १११ राशिको कुलकुमारी झलकनाथ लोक साहित्य सम्मान-२०८२ बाट साहित्यकार तथा लोकगायक बझाडका नन्दकृष्ण जोशी सम्मानित भएका छन् ।

झरना साहित्यिक परिवारले आयोजना गरेको चित्रकला प्रतियोगितामा महेन्द्र माविका मिखायल थोकर, बुद्ध माविकी रिसा दोङ र बुद्ध माविकै प्रसिद्ध राई उत्कृष्ट ३ मा पर्न सफल भए । यस्तै कविता प्रतियोगितामा बुद्ध माविकी शान्ति नेगी, महेन्द्र माविकी रितु विक र महेन्द्र माविकै इन्द्र कुमारी स्याङ्वो उत्कृष्ट ३ मा पर्न सफल भए ।

संस्थाकी अध्यक्ष गायत्री रुपाखेतीको सभाध्यक्षतामा भएको समापन तथा पुरस्कार वितरण कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य तथा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक रमेशमोहन अधिकारी, पूर्वअध्यक्ष उद्धव सापकोटा, दीपक गौतम, निवर्तमान अध्यक्ष विश्वनाथ सञ्जेल, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको पनि आतिथ्य रहेको थियो ।

# ३ जिल्लामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको ३ जिल्लामा विभिन घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन, रामेछाप र काभ्रेपलाञ्चोक जिल्लामा मंगलबार ३ मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-१, पुलचोकमा टेलरको ठक्करबाट एक पैदलयात्रुको मृत्यु भएको छ । मंगलबार राती ९ बजेर २० मिनेटको समयमा गैंडाकोटबाट भरतपुरतर्फ जाँदै गरेको बा प्र ०३००२ ख ३४२३ नम्बरको टेलरले पैदल हिँडिरहेकी नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका-२ की ५५ वर्षीया दुर्गा कटेललाई ठक्कर दिएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी कटेललाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । राती बजेर ९ बजेर ५० मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । टेलर र चालक मकवानपुरको मनहरी गाउँपालिका-३ का २३ वर्षीय उज्वल रानालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

रामेछापको मन्थली नगरपालिका-६, बेनिघाटस्थित सुनकोशी र तामाकोशी नदीको संगमस्थल नजिकै एक युवक मृत अवस्थामा फेला परेका छन् । गत माघ २७ गते बिहान १० बजेको समयमा पुष्पलाल (मन्थली-खुर्कोट) सडकखण्डमा काठमाडौंबाट रामेछापको सिरिसे ढाँडे हुँदै ओखलढुंगा तर्फ जाँदै गरेको प्र ३-०१-००५ ख ९९७५ नम्बरको बस दुर्घटना हुँदा हराइरहेका रामेछाप उमाकुण्ड गाउँपालिका-६, गुप्तेश्वरका २४ वर्षीय विशाल सुनुवार मृत फेला परेका हुन् । सुनुवार मंगलबार दिउँसो १ बजेर ३० मिनेटको समयमा सुनकोशी र तामाकोशी नदीको संगमस्थलबाट एक सय मिटर तल मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । शव मुचुल्का पश्चात् पोस्टमार्टमका लागि मन्थली अस्पताल रामेछाप पठाइएको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-८ स्थित सुनकोशी खोलाको बीच भागमा रहेको ढुङ्गामा अड्किएको अवस्थामा एक पुरुषको शव फेला परेको छ । मंगलबार बिहान ११ बजेको समयमा नाम थर नखुलेको अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । शव सडी, गलेको अवस्थामा फेला परेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात् शवलाई पोस्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ ।

# आज प्रजातन्त्र दिवस

समाज संवाददाता

हेटौँडा : आज ७६ औं प्रजातन्त्र दिवस । देशभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । सरकारी र देशैभर स्वेच्छिक रुपमा विभिन्न कार्यक्रम आयोजना गरेर दिवस मनाउन लागिएको हो । २००७ सालको क्रान्ति सफल भएर १०४ वर्ष लामो निरंकुश राणा शासन अन्त्य भई प्रजातन्त्र स्थापना भएको सम्झनामा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाइँदै आएको छ ।

प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको छ । राज्यशक्तिको स्रोत जनता मात्र हुन् र मुलुकको सार्वभौमसत्ता जनतामा निहित हुनुपर्छ भन्ने मान्यतालाई जनताको संघर्ष तथा वीरवीरांगना शहीदको बलिदानबाट स्थापित गरेको हुनाले आजको दिन नेपालको इतिहासमा गौरवपूर्ण र अविस्मरणीय मानिन्छ । तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र नेपाली कांग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भएको थियो । प्रजातन्त्र दिवसको अवसरमा सरकारले सार्वजनिक बिदा दिने गरेको छ ।




## मकवानपुरमा स्कर्टिङसहित गाँजा तस्करी

# २ जनालाई मकवानपुर प्रहरीले पक्रियो



*प्रहरीले नियन्त्रणमा लिएको बोलेरो जीप र बरामद भएको गाँजा ।*

समाज संवाददाता

हेटौँडा : प्रतिबन्धित लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ । मंगलबार राती साढे १२ बजेको समयमा प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरी टोलीले भीमफेदी-२, चुनियाँबाट लु १ च २१५२ नम्बरको बोलेरो जीपमा ४ सय ३८ किलो ४३ ग्राम लागूऔषध गाँजा बरामद गरेको छ ।

हेटौँडा-नागढुंगा त्रिभुवन राजपथअन्तर्गत भीमफेदी गाउँपालिका-२, चुनियाँमा मोटरसाइकलको स्कर्टिङसहित बोलेरो जीपमा गाँजा तस्करी भइरहेको अवस्थामा प्रहरीले स्कर्टिङ गर्ने बा प्र ०३-००५ प.४५७६ नम्बरको मोटरसाईकल र मोटरसाइकल चालकसहित बोलेरो जीप र जीप चालकलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक श्याम बहादुर खत्रीका अनुसार करिब ३ सय मिटरको दूरीमा मोटरसाइकलले अगाडिबाट स्कर्टिङ गरिरहेको र पछाडि गाँजासहितको बोलेरो जीपलाई प्रहरीले नियन्त्रणमा लिन सफल भएको हो ।

प्रहरीले बोलेरो जीप चालक मकवानपुरको कैलाश गाउँपालिका-१० का २७ वर्षीय राम बहादुर मोक्तान र स्कर्टिङ गर्ने मोटरसाईकल चालक कैलाश-१० कै १९ वर्षीय अनिल थिङलाई नियन्त्रणमा लिएको छ । उनीहरुलाई हिरासतमा राखेर प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । मकवानपुरको थाहा नगरपालिका, कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिका अवैध गाँजा र अफिम खेती हुने क्षेत्र हो । त्यही क्षेत्रबाट तस्करले ठूलो परिमाणमा लागूऔषध गाँजा तस्करी गर्दै गर्दा मकवानपुर प्रहरीले गाँजा बरामद गरेको हो । प्रहरीले लागूऔषधको अवैध खेती नै हुन नदिने भनी हरेक वर्ष प्रभावित क्षेत्रमा पुगेर खेती फँडानी गर्ने गरे पनि उत्पादन र तस्करी रोकिएको छैन ।

सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

# प्रजातन्त्रको स्थायित्व

नेपालमा जनस्तरबाट भएको सफल राजनीतिक परिवर्तनको रुपमा २००७ सालको क्रान्तिलाई चिनिन्छ । तत्कालीन जहानियाँ, निरंकुश र स्वेच्छाचारी राणाहरुको शासनबाट देशलाई मुक्त बनाएर नागरिक अधिकार र सर्वोच्चता स्थापना गर्न सफल भएको यस क्रान्तिको महत्व निकै बढी छ । तत्कालीन राजनीतिक दल र राजासमेतको त्याग, बलिदान र सहकार्यबाट २००७ साल फागुन ७ गते राणा शासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको थियो । प्रजातन्त्र स्थापनाको घोषणा भएको सोही दिनको सम्झनामा नेपालमा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने गरिएको छ । विसं १९०३ सालमा कोतमा धेरै भारदारको हत्या गरेर राज्यसत्ता आफ्नो हातमा लिई शासन गर्दै आएको १०४ वर्षको राणा शासनको अन्त्य भएर प्रजातन्त्र आएको थियो । एकतन्त्रीय राणा शासनको अन्त्य भई २००७ सालमा बहुदलीय प्रजातन्त्रको सुरुवात भए पनि आम नेपालीले प्रजातन्त्रको सुखानुभूति भने खासै गर्न पाएको पाइँदैन ।

प्रजातन्त्र आएको १० वर्षपछि २०१७ सालमा तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरेर शासनसत्ता आफ्नो हातमा लिए । उनले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउँदै एकदलीय पञ्चायती व्यवस्था लागू गरे । २०४६ सालमा भूमिगत अवस्थाका राजनीतिक दलहरुको नेतृत्वमा जनताले ४९ दिनसम्म निरन्तर आन्दोलन गरेर पञ्चायती व्यवस्था अन्त्य गर्दै पुनः बहुदलीय प्रजातान्त्रिक व्यवस्था ल्याउन सफल भए । २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएपछि फेरि राजनीतिक दलहरुको आह्वानमा १९ दिनसम्म भएको जनआन्दोनले राजाको हातबाट शासन सत्ता फिर्ता लिन सफल भए । सोही आन्दोलनको परिणामस्वरुप आधुनिक नेपालमा करिब २ सय ४० वर्षसम्म शासन गरेको शाहवंशीय राजतन्त्र नै अवसान हुनपुग्यो । त्यसपछि मुलुकमा प्रजातन्त्रभन्दा पनि उन्नत मानिएको गणतान्त्रिक शासन व्यवस्था आयो । २०७२ सालमा संविधानसभाबाट संविधान जारी भएपछि संघीय गणतान्त्रिक शासन व्यवस्था कायम भएको छ ।

निरंकुश राणा शासन हटाएर बहुदलीय प्रजातान्त्रिक व्यवस्था सुरुवात भएको ७५ वर्ष भएको छ । तर, मुलुकमा अझै प्रजातन्त्रको वास्तविक अनुभूति र रक्षाको लागि संघर्ष गर्नुपर्ने अवस्था कायमै छ । प्रजातन्त्र स्थापनापछि पनि देशमा अनेकौं राजनीतिक उतारचढाव भएका छन् । यसबिच मुलुकमा अनेकन् राजनीतिक शासन व्यवस्थाको अभ्यास भए पनि ती अभ्यास व्यक्तिगत, दलगत र राजनीतिक स्वार्थ केन्द्रित हुँदा आम नागरिक खुसी बन्न सकेको अवस्था अहिले पनि छैन । जनताको शासन व्यवस्था भनिने प्रजातन्त्र वा लोकतन्त्रमा जनताबाट निर्वाचित भएर जनतामाथि शासन गर्नेहरुले कहिल्यै जनताको सुख–सुविधा र देशको उन्नति–प्रगतिमा ध्यान नदिएका कारण प्रजातन्त्र नै बारम्बार खतरामा परेको यथार्थलाई राजनीतिक नेतृत्वले बुझ्न नसक्दा जनताले समेत दुःख पाउनु परिरहेको छ ।

प्रजातन्त्र बलियो बन्न नसक्नुको कारण प्रजातन्त्रको मूल्य–मान्यता र संस्कार यसका संवाहकहरु अर्थात् राजनीतिक नेतत्वमा नहुनु हो । प्रजातन्त्र दिवसका अवसरमा तीनै तहका सरकारले औपचारिक कार्यक्रम गर्दछन् । यस्ता कार्यक्रममा मुलुकका राष्ट्रपति, प्रधानमन्त्रीमात्र होइन, प्रदेशका मुख्यमन्त्रीहरुदेखि विभिन्न राजनीतिक दलका नेताहरुले औपचारिता निर्वाह गर्नेबाहेक कुनै उपलब्धिमूलक हुन सकेको पाइँदैन । प्रजातन्त्रका मेरुदण्ड मानिने राजनीतिक दलहरु नै प्रजातन्त्रको मर्म र भावनाविपरित क्रियाकलापमा अग्रसर भइरहँदा मुलुकले अझ कति आन्दोलन र परिवर्तन व्यहोर्नुपर्ने हो ? निश्चित छैन । प्रजातन्त्र आएको साढे सात दशकसम्म कुनै पनि सरकार ५ वर्षको पूरा अवधि टिक्न नसकेको यथार्थले हाम्रो प्रजातान्त्रिक शासन व्यवस्थालाई गिज्याउने काममात्र गरिरहेको छ । जनतामा बारम्बार नयाँ–नयाँ सपना देखाउने र आफ्नो आ–आफ्नो स्वार्थ पूरा गर्ने संस्कार अन्त्य नभएसम्म प्रजातन्त्रको नाममा अझै धेरै नेपालीले आफ्नो जीवन उत्सर्ग गर्नुपर्ने अवस्था रहन्छ । शासन सत्तामा पुगेकाहरु दलीय स्वार्थ र विदेशी शक्तिकेन्द्रको इशारामा चलिरहँदासम्म प्रजातन्त्रले स्थायित्व नपाउनुका साथै मुलुक र जनताको समृद्धि सम्भव छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : तर्क र बहसमा विजय प्राप्त हुने समय योग छ ।
- **वृष** : स्वास्थ्य क्षेत्रमा अझै सुधार हुने समय योग छ ।
- **मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ ।
- **कर्कट** : अप्ठ्यारा परिस्थितिहरु सप्ठ्यारा बन्नेछन् ।
- **सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ ।
- **कन्या** : प्रेम र मित्रताको बन्धन झन् बलियो रहने छ ।
- **तुला** : परिबन्ध र बाध्यतामा धन खर्च हुने छ ।
- **वृश्चिक** : धार्मिक एवम् सामाजिक काममा सरिक भइएला ।
- **धनु** : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइएला ।
- **मकर** : सम्मान र प्रतिष्ठा बढ्ने समय योग छ ।
- **कुम्भ** : काममा अपजस आइपर्ने समय योग रहेको छ ।
- **मीन** : भेटघाटको समयको योग रहेको छ ।

# विदेशी भूमिमा नेपाली युवाको आँशु



कृष्णप्रसाद अधिकारी

ग्लोब घुमाई-घुमाई हेर्ने हो भने र नेपालको अध्यागमन विभागको अभिलेखको ठेली पल्टाएर हेर्ने हो भने नेपाली नागरिक नपुगेको ठाउँ र देश बिरलै भेट्न सकिएला । यति प्यारो सानो र सुन्दर देश नेपालमा आफ्नो बास बस्ने ठाउँ नभएर नेपाली युवाहरु विदेशीनु परेको पक्कै पनि होइन । आफ्नो देशमा, आफ्नै माटोमा पसिना बगाउने रहर हुँदाहुँदै धेरै पैसा कमाएर नेपालमा बस्ने आफ्ना वृद्ध बा-आमा तथा ती मुना जस्ता नाबालक छोरोछोरीहरुलाई खुशी बाँड्न र उनीहरुको शिक्षा र स्वास्थ्यमा आत्मनिर्भर बन्न सकियोस् भन्ने आकांक्षा बोकेर नेपाली युवाहरु विदेशको भूमिमा पाइला टेक्न बाध्य छन् । त्यहाँ उनीहरु रात-दिन नभनी पसिना बगाउन विवश छन् ।

आफ्नै देशमा बसेर कुटो, कोदालो गर्न मन त सबैलाई हुन्छ होला । तर के गर्नु अवसर छैन भनुँ भने छ तर चुनौती धेरै छन् । काम गर्ने वातावरण देशमा छैन । देशमा लाखौं बिगाहा जमिन बाँझो छ तर खेती गर्ने किसानलाई सम्मान छैन अपमान गरिन्छ । खेती गर्न चाहिने बीउ, मल र सिँचाईको सुविधा छैन । उत्पादित बाली बिक्री गर्न उपयुक्त मूल्य लगानीको आधारमा सरकारले तोक्दैन । जुनसुकै बालीको बिक्री वितरणमा बिचौलिया हावी छ । उनीहरुकै मनमौजीले मूल्य तोकिन्छ । कृषक वर्ग सधैं पिल्सिएको पिल्सिएकै छन् । यस्तो देशमा कसरी नेपाली युवाहरुले परिश्रम गर्न सक्छन् ? मिहिनेतको फल उत्पादन गरेर खुशी हुन सक्छन् ? यो एउटा ठूलो समस्या र चुनौतीको विषय हो जस्तो लाग्छ । तर राज्य संचालन गर्ने पदीय जिम्मेवारीमा रहेकाहरुमा यस विषयमा कुनै योजना, चिन्ता र चासो हुँदैन ।

१७ वर्षमा १५ वटा सरकार बन्ने र बनाउने देश नेपाल भनेर प्रत्येक नेपालीको बोलीमा सुन्न सकिन्छ । यो कुनै दल विशेषलाई नेपालीले स्पष्ट बहुमत नदिएर होइन, दलहरुकै नालायकीपन र अवसरवादी सोच र स्वार्थका कारण नेपालमा यस्तो अवस्था आएको हो भन्न कुनै अप्ठ्यारो मान्नु पर्दैन । 'सानालाई ऐन र ठूलालाई चैन' भनेझैं सरकार संचालनमा बस्नेहरुले राज्य सत्तालाई ठगहरुको र भ्रष्टाचारीहरुको आश्रयस्थल बनाए । राज्य सत्तालाई आफ्नै बाउको बिर्ता सम्झेर नागरिक माथि अन्याय अत्याचार गरिरहे । ३० वर्षे पंचायती शासनलाई सत्तोसराप गर्ने र राजसंस्था विरुद्ध अनर्गल प्रचार गरी संसदबाट निर्णय गरेर राजसंस्था निमूल गर्ने घोषणा गरेका तिनै ठूला दलहरुले पालैपालो शासन गरेको पनि ३६ वर्ष भएछ । यस अवधिमा देशमा कुशासन र भ्रष्टाचारको विकास भए ।

तीन ठूला दलका प्रमुख व्यक्तिहरु पटक-पटक प्रधानमन्त्री भए । तिनका नातागोता र नजिकका व्यक्तिहरु उच्च ओहोदामा पुगे । तिनले भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएर आफ्ना नातीपुस्तालाई समेत पुग्ने गरी सम्पत्ति आर्जन गरे तर पनि तिनलाई न भ्रष्टाचाराको कसुर लाग्यो न सम्पत्ति शुद्धीकरणम कारबाही नै भयो । यस्ता अनेक पदीय दुरुपयोगका काण्डैकाण्डमा आरोपित हुनुपर्दा पनि आफूले गरेका भ्रष्टाचार लुकाई छिपाई कानुन हातमा लिएर अझै पनि ठाडो शिर गरिरहेका छन् । आज भन्दा ३४ वर्ष अगाडिको निर्वाचनमा जो जुन क्षेत्रबाट पार्टीको उम्मेदवार बनेर विजयी भएको थियो आज २०८२ सालको फागुन २१ गते हुने निर्वाचनमा पनि उही पार्टीको एउटै व्यक्ति उम्मेदवार भई जनता माझ मत माग्दै हिँडिरहेको छ । यो भन्दा अनौठो अभिनय अरु के हुन सक्छ ?

यी र यस्ता अनेक विकृति र विसंगतिका कारण नेपाली जनताका युवा छोराछोरीहरुले २०८२ भाद्र २३ र २४ गते गरेको जेनजी आन्दोलनबाट ४८ घण्टामै सत्ता छोड्न बाध्य गराए र प्रधानमन्त्री र मन्त्रीहरु हेलिकप्टर चढेर नेपाली सेनाको सुरक्षामा गोप्य ठाउँमा भागेर ज्यान बचाउन पुगे । यो सबै गतिविधि उनीहरुकै दम्भ र घमण्डका कारण उत्पन्न हुन पुग्यो । देशको यस्तो अवस्थाको कारण आज कुनैपनि नेपालीका सन्तानहरु आफ्नो देशमा पसिना बगाउन छोडेर विभिन्न देशहरुमा कामको सिलसिलामा तथा अध्ययनका लागि आफ्नो देश र आफ्नो परिवार छोड्न बाध्य भएका छन् । कोही पैसा कमाउन र कामको खोजी गर्न खाडी मुलुकमा गएर पसिना बगाउन बाध्य छन् भने कोही अध्ययनका लागि (उच्च शिक्षा) युरोप र अमेरिका पुग्ने पनि कम छैनन् । नेपाली युवाहरु आफ्नो देशमा बसेर उच्च शिक्षा हासिल गर्न र रोजगारीको प्रारम्भिक अवसर हासिल गरी नेपालमै बस्न पटक्कै रुचाउँदैनन् ।

अध्ययनका लागि युरोप-अमेरिका नेपालमा मेडिकल, इन्जिनियरिङ तथा अन्य प्राविधिक विषयमा अध्ययन गर्न धेरै खर्च लाग्ने र आफ्नो देशमा रोजगारीको सुनिश्चितता समेत नहुने देखेर १२ कक्षा सफल हुनासाथ युरोप र अमेरिका जान तत्पर भइहाल्ने छोराछोरीका कारण कतिपय अभिभावक चिन्तामा छन् भने कतिपय अभिभावक आफ्ना छोराछोरीलाई अष्ट्रेलिया र अमेरिका पठाउन पाउँदा हर्षित र खुशी हुन्छन् । ती मुलुकमा अध्ययन गर्न जान पनि त्यति सहज कहाँ छ र ? ती मुलुकको नीति-नियम र कानुनको परिधि भित्र रहेर अनेक झन्झटिलो कागजी प्रक्रिया पुऱ्याउनु पर्ने त हुन्छ नै डलरमा लाग्ने नेपाली मुद्रा बैंक खातामा जम्मा गर्नुपर्ने हुन्छ । त्यसका लागि पचासौं लाख नेपाली रुपैयाँ र अन्य अचल सम्पत्ति बैंकमा धरौटी राख्नुपर्छ । आमाबाबुको मासिक आम्दानी र आर्थिक कारोबार पनि मजबुत हुनुपर्छ । सामान्य भौतिक र अचल सम्पत्ति भएका परिवारका लागि विदेश जान पनि कठिन छ । तैपनि कोही विदेशमा बसिरहेकाहरुको डिपेन्डेन्ट भिसामा त कोही डिभि परेर अमेरिका र युरोप जानेको संख्या हरेक वर्ष बढ्दो छ ।

महिनामा लाखौं नेपाली जनशक्ति बाहिरिन बाध्य छन् । प्रत्येक घरबाट एउटा वा दुई छोरा-छोरी, ज्वाँई-छोरी, छोरा-बुहारी विदेशमा दुःख झेलेर पनि सुखको हाँसो हाँसिरहेका छन् । हामी अभिभावक पनि युरोपका देशमा पिआर भएको केटोलाई छोरी दिन पाउँदा र पिआर भएकी छोरीलाई विदेशमै बस्ने केटासँग सम्बन्ध जोड्न पाउँदा खुशी र सुखी ठान्छौं । नेपालमा दुईजना बुढाबुढी मात्र बेसाहारा जिन्दगी बाँच्न विवश छौं । विदेश जाँदैमा रुखमा पैसा टिप्न पाइने त होइन ! मरिमेटेर दिनरात श्रम नगरी अध्ययन गर्न आर्थिक स्रोत नजुटाई हुँदैन । एकातिर पढाई (अध्ययन) अर्कोतिर काम गर्नुपर्ने समय निकाल्न सुत्ने र आराम गर्ने समय कटौती गर्नुपर्ने हुन्छ । अर्कोतिर हरेक वर्ष अध्ययन गर्ने कलेजमा लाखौं डलर जम्मा गर्नुपर्छ भने ऋण काडेर र जमिन बेचेर आफूलाई पठाउने मातापितालाई पनि वर्षमा केही रकम पठाउनुपर्ने अर्को दायित्व र जिम्मेवारी रहन्छ । यसरी विदेशी भूमिमा बस्ने व्यक्ति त्यो मुलुकको जीवनभर दास बन्नुपर्ने हुन्छ । उनीहरुले कहिलेसम्म विदेशमा पसिना र आँशु बगाउँनुपर्ने हो ? यस्तो बिडम्बना कहिलेसम्म ? *(अस्तु)*

# फोनको प्रभाव र मताधिकार : स्वच्छ निर्वाचनमाथि उठेका प्रश्न



लिलाराज ढकाल

नेपालमा निर्वाचन आउँदै गर्दा एउटा बहसको विषय फेरि सतहमा आएको छ- के हामी स्वतन्त्र रूपमा मतदान गरिरहेका छौं कि फोन, म्यासेज र भावनात्मक दबाबले हाम्रो निर्णयलाई प्रभावित गरिरहेको छ ? यस विषयमा फरक-फरक दृष्टिकोण हुन सक्छन्, तर खुला बहस आवश्यक देखिन्छ ।

पछिल्ला निर्वाचनहरूमा देखिएको एउटा सामान्य तर खतरनाक प्रवृत्ति हो- विदेशमा रहेका छोराछोरीले नेपालमा बस्ने आमा-बुबालाई फोन गरेर 'यो दललाई भोट हाल्नु' भनेर दबाब दिनु । अझ चिन्ताजनक कुरा, कतिपय उम्मेदवार र दलहरूले नै समर्थकलाई 'घर-घर फोन गर, आफ्नालाई भन' भनेर सङ्गठित रूपमा प्रचार गरिरहेको सुनिन्छ । यो अभ्यास स्वच्छ निर्वाचन हो कि लोकतान्त्रिक मूल्यमान्यताहरूमाथि प्रश्न ?

### मताधिकारः सुविधा होइन, मानव अधिकार

मताधिकार कुनै दलको कृपा वा राज्यको दान होइन । यो नागरिक तथा राजनीतिक अधिकारको मूल आधार हो।




अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्तदेखि नेपालको संविधान २०७२ सम्म, सबैले एउटै कुरा भन्छन्, 'मतदाता कुनै पनि प्रकारको भय, दबाब, प्रलोभन वा अनुचित प्रभावबाट मुक्त हुनुपर्छ ।'

निर्वाचनलाई मानव अधिकारको उच्चतम अभ्यास मानिनुको कारण यही हो । यहाँ नागरिकले बोल्ने मात्र होइन, शासन कसको हातमा जाने हो भन्ने निर्णय गर्छ । तर यदि निर्णय स्वतन्त्र भएन भने, मतपेटिका त रहन्छ तर सार्वभौमसत्ता हराउँछ ।

### विदेशबाट आउने फोनः सुझाव कि दबाब ?

छोराछोरी र आमा-बुबाबीचको सम्बन्ध नेपाली समाजमा अत्यन्त भावनात्मक हुन्छ । अधिकांश सन्ततिहरुको उद्देश्य नकारात्मक हुँदैन; उनीहरू देशप्रति चिन्तित हुन्छन् । तर यही सम्बन्ध प्रयोग गरेर 'हामी विदेशमा बेचियौँ', 'हाम्रो भविष्य त तपाईंको भोटमा छ' जस्ता तर्क राख्नु सतहमा सुझावजस्तो देखिए पनि गहिराइमा भावनात्मक दबाब हो ।

स्वस्थ लोकतन्त्रमा राजनीतिक बहस स्वाभाविक हो । तर माया, अपराधबोध र कर्तव्यबोध प्रयोग गरेर मत बदल्न खोज्नु स्वच्छ मतदानको मर्मसँग पूर्ण रुपमा मेल खाँदैन । देशमै बस्ने, कर तिर्ने र सरकारी सेवाको प्रत्यक्ष प्रभाव भोग्ने अभिभावकको विवेक फोनको दबाबले निर्देशित हुनु लोकतान्त्रिक रुपमा खतरनाक सङ्केत हो ।

### उम्मेदवारको भूमिका : मत माग्ने कि दबाब सिर्जना गर्ने ?

अझ गम्भीर प्रश्न त्यतिबेला उठ्छ, जब उम्मेदवार वा दल स्वयंले 'फोन गर र भन' भन्ने रणनीति अपनाउँछन् । प्रचार गर्ने अधिकार सबैलाई छ, तर दबाब सिर्जना गर्ने अधिकार कसैलाई छैन ।

यदि उम्मेदवारले प्रत्यक्ष फोन नगरी समर्थक, आफन्त वा विदेशस्थित सन्ततिमार्फत दबाब सिर्जना गर्छ भने, त्यो स्वच्छ प्रचार होइन, अप्रत्यक्ष दबाब हो । कानुनले यो अभ्यासलाई स्पष्ट शब्दमा अपराध भनेको नहोला, तर लोकतन्त्रको आत्माविरुद्ध भने अवश्य हो ।

### कानुन के भन्छ ?

नेपालको निर्वाचनसम्बन्धी कानुन र आचारसंहिताले मतदातालाई डर, त्रास, प्रलोभन वा दबाब दिएर प्रभावित पार्न निषेध गर्छ । यी व्यवस्था मुख्यतः उम्मेदवार, दल र तिनका प्रतिनिधिलाई लक्षित छन् । पारिवारिक वा भावनात्मक दबाब भने कानुनी रूपमा 'ग्रे एरिया' मा पर्छ ।

यही 'ग्रे एरिया' को फाइदा उठाएर दबाबलाई सामान्य बनाइँदै छ । कानुनले नछोएको भन्दै लोकतान्त्रिक मूल्य पनि नछोइने भन्ने होइन । कानुन मौन हुँदा नैतिकता अझ ठूलो आवाजमा बोल्नुपर्छ ।

### निर्वाचन आयोग चुप लाग्न मिल्छ ?

निर्वाचन आयोगको दायित्व केवल मिति तोक्नु र मतपत्र छाप्नु होइन । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनु उसको संवैधानिक जिम्मेवारी हो । यदि फोनमार्फत हुने यस्ता प्रभावबारे सार्वजनिक छलफल भइरहँदा पनि आयोगबाट स्पष्ट मार्गदर्शन नआएमा, नागरिक तहमा थप स्पष्टताको अपेक्षा स्वाभाविक हुन्छ । आयोगले कम्तीमा पनि भावनात्मक र पारिवारिक दबाब पनि 'अनुचित प्रभाव' हो भन्ने स्पष्ट सन्देश दिनुपर्छ ।

### चुनाव जितेपछि कसले के भोग्छ ?

...बाँकी पृष्ठ ३ मा

# लम्बेतान भाषण परम्परामा बालेनको ‘ब्रेक’



काठमाडौं : जनकपुरको तिरहुतिया गाछीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उद्घोष सभा गरेको ठ्याक्कै एक महिनापछि बुधबार नेपाली कांग्रेसले प्रतिज्ञा सभा गऱ्यो । रास्वपाले गत माघ ५ गते जनकपुरमा उद्घोष सभा गरेर चुनावी अभियान सुरु गरेको थियो । रास्वपाका वरिष्ठ नेता बालेन शाहले रास्वपाका तर्फबाट पहिलो सम्बोधन त्यहीँ गरेका थिए । आफूलाई ‘मधेसी छौडा’ बताउँदै मैथिली भाषामा उनले गरेको सम्बोधनले मधेसका नागरिकको मन जितेको पनि थियो ।

माघ ६ गते झापा-५ गएर प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गरेका बालेनले देश दौडाहा सुरु गरे । माघ ५ गते रास्वपाले गरेको उद्घोष सभामा बालेनले करिब १० मिनेटमात्रै सम्बोधन गरेका थिए । त्यस दिन उनीअघि सम्बोधन गरेका उपाध्यक्ष स्वर्णिम वाग्ले र उनीभन्दा पछाडि सम्बोधन गरेका सभापति रवि लामिछानेको सम्बोधनमा त्यहाँ उपस्थित भएकाहरूको (खासै) चासो थिएन ।

बुधबार अर्को पनि एउटा संयोग जुऱ्यो । कांग्रेसले तिरहुतिया गाछीमा गरेको सभा र रास्वपाले धनगढीमा गरेको सभा सँगसँगै सुरु भयो । तर धनगढीको सभामा बालेन शाहले करिब ३ मिनेटमात्रै सम्बोधन गरे । ‘सुदूरपश्चिमलाई सु-नजिक प्रदेश बनाउनुपऱ्यो । रास्वपा यहाँ भोट माग्न आएको होइन । काम माग्न आएको हो, काम दिनुस् है ?’ बालेनले भने । आफूहरूलाई भोट नदिए पनि सुदूरपश्चिम भने बनाउने उनले बताए । ‘तपाईंहरूले भोट दिनुभएन भने पनि रास्वपाले सुदूरपश्चिम बनाउँछ । हाम्रा उम्मेदवार लाई हाम्रो कामको लिस्ट दिनुस् । भोट नदिए पनि हुन्छ, काम दिनुस्,’ उनले भने ।

सम्भवतः बालेनकै छोटो सम्बोधनका कारण हुन सक्छ, सभापति रवि लामिछानेले पनि आफ्नो सम्बोधनलाई छोट्याए । त्यसो त, सबैभन्दा लामो समयसम्म टेलिभिजनमा बोलेर गिनिज बुकमा नाम लेखाएका लामिछाने भाषण गर्नमा पनि माहिर मानिन्छन् । यसपालि भने छोटो भाषण गरेका लामिछानेले पुराना दलको पछि नलाग्न आग्रह गरे । उनले आफू स-साना समस्या होइन, देशकै समस्या समाधान गर्न आएको बताए । उनले भने, ‘म खुद्रा-खुद्रामा कुरा गर्न होइन, सबै समस्या पूरा गर्न आएको छु । सिंहदरबार जलायो भनेर भन्दै छन् । सिंहदरबार बनाउने हो । सिंहदरबार बनाउनेभन्दा पनि बदल्ने हो ।’

आफूहरू कुराभन्दा पनि काम गर्न आएको बताएर उनीहरुले धनगढीको चुनावी सभा समापन गरिसक्दा जनकपुरमा सँगै सुरु भएको कांग्रेसको सभामा भने उद्घाटन सत्र नै चलिरहेको थियो । कार्यकर्ता, शुभेच्छुक र शुभचिन्तकहरुले सुन्न चाहे पनि नचाहे पनि, आफूहरूले बोलेको मन पराए पनि नपराए पनि लम्बेतान भाषण गर्नु पुराना राजनीतिक दलहरूको नियति नै बनेको छ । आफूले समर्थन गरेको पार्टीले सभा गर्दा नेताहरुको भाषण सुन्न कार्यकर्ताहरुले दिनभरि नै समय छुट्याउनुपर्ने बाध्यता छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सभामात्रै होइन पार्टीका आन्तरिक बैठकमा समेत एकोहोरो लम्बेतान भाषण गर्ने रेकर्ड नै कायम गरेका छन् । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाबाहेक कांग्रेसका सबै नेता लामो भाषण गर्नेमा पर्छन् । नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले पनि भाषण सुरु गरे भने कतिबेला सकिन्छ पत्तो हुँदैन । सहसंयोजक माधव नेपालले अघिल्तिर कुर्सी खाली हुँदा पनि भाषण नरोकेको भनेर खबरहरू नै आएका थिए । झलनाथ खनालले सामान्यतः आफ्ना सम्बोधन जहानियाँ राणाशासनको अन्त्यबाटै सुरु गरेर गणतन्त्र प्राप्ति र त्यसको उपलब्धिसम्म पुऱ्याउँदा पट्यारलाग्दो नै हुन्थ्यो ।

१७औँ शताब्दीका फ्रान्सेली गणितज्ञ, भौतिकशास्त्री र दार्शनिक ब्लेज पास्कलले कुनै सन्दर्भमा भनेका थिए, ‘मैले यो पत्र लामो लेखेको छु, किनभने मसँग यसलाई छोटो बनाउने समय थिएन ।’ कुनै कुरालाई छोटो, मिठो र प्रभावकारी रूपमा लेख्न/बोल्न अतिरिक्त मेहनत र तयारी चाहिन्छ । उनको आशय थियो- छोटो लेख्न/बोल्नका लागि धेरै समय र परिश्रम चाहिन्छ । बालेनले छोटो भाषणको परम्परा सुरु गरेका छन् । चुनावी सभामा जम्मा दुईपटक सम्बोधन गरेका उनले एकपटक करिब १० मिनेट र एकपटक जम्मा साढे ३ मिनेट सम्बोधन गरे । त्यसो त, लामो भाषण गर्नु सधैं अनुपयुक्त भने हुँदैन । नेताहरूले नागरिकलाई आफ्ना विचार र एजेन्डा प्रष्ट रूपमा राख्न सक्नुपर्छ । तर, सधैंभरि लम्बेतान भाषण गर्ने अभ्यास भने उपयुक्त होइन ।

*स्रोत : अनलाइनखबर ।*

# कांग्रेसको प्रतिज्ञापत्र सार्वजनिक



काठमाडौं : नेपाली कांग्रेसले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीको प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । पार्टी सभापति गगन थापाले जनकपुरको तिरहुतियामा बुधबार आयोजित प्रतिज्ञासभामा पार्टीको प्रतिज्ञापत्र सार्वजनिक गरेका हुन् ।

कांग्रेसले यसपटक जिम्मेवारी, दृष्टिकोण र संकल्पको आत्मवोधबाट नेपाल संसारकै एक उत्कृष्ट देश बन्न सक्ने भावना, कार्ययोजना र आधारसहितको प्रतिज्ञापत्र प्रस्तुत गरेको पार्टी प्रवक्ता देवराज चालिसेले दाबी गरे । बुधबार आयोजित पत्रकार सम्मलेलनमा उनले प्रतिज्ञा पत्रका हरेक अक्षरका प्रष्ट अर्थ रहेको बताए । प्रतिज्ञा पत्रमा उल्लेखित योजना कार्यान्वयनका आधारमा कार्यसम्पादन मूल्यांकन हुनुपर्ने कांग्रेसको चाहना रहेको उनको भनाइ छ । सम्मानित भएर बाँच्न पाउने नेपालदेखि समुन्नतिमा लम्कने नेपालसम्मको योजना कांग्रेसले अघि सारेको उनले बताए ।

प्रतिज्ञापत्र केवल देखाउन मात्रै नभई कार्यान्वयन गरेर समुन्नत नेपाल सम्मानित नेपालीको नारालाई व्यवहारमा ल्याउने प्रतिबद्धता कांग्रेसको रहेको उनले बताए । कांग्रेसले प्रतिज्ञापत्रलाई सरल शब्दावलीमा ‘भिजन टेन’ को सार संक्षेपको रूपमा प्रस्तुत गरेको छ ।

**यस्ता छन् भिजन-१०**

१ सम्मानित नेपाली भएर बाँच्ने पाउने नेपाल

२ सपना देख्न सक्ने नेपाल

३ सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल

४ पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल

५ ओखती र ओत दिने नेपाल

६ छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल

७ बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल

८ भौलिकतामा गर्व गर्न सक्ने आधुनिक नेपाल

९ विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल

१० समुन्नतिमा लम्कने नेपाल

*स्रोत : अनलाइनखबर ।*

# फोनको प्रभाव...

कल्पना गरौँ- कतिपय स्थानमा फोनकल, सन्देश वा दबाबका कारण मतदाताको निर्णय प्रभावित भयो । त्यसैको परिणामस्वरुप सरकार बन्यो । तर शासनशैली अपेक्षित सुधारतर्फ अघि बढ्न सकेन । भ्रष्टाचार, अकर्मण्यता र कुशासन ज्युँकात्युँ रह्यो ।

अब प्रश्न उठ्छ- त्यसको मूल्य कसले तिर्छ ? विदेशमा रहेका सन्ततिले होइन । मूल्य त नेपालमै बस्ने अभिभावकले तिर्छन् । कर तिर्ने, सेवा लिन लाइन बस्ने, अस्पताल धाउने र असफल राज्यको बोझ बोक्ने उनीहरु नै हुन् ।

त्यही बेला अभिभावकको मनमा एउटा आत्मग्लानि उब्जिन सक्छ- ‘अरूको चाहनामा मैले आफ्नो विवेक गुमाएँ कि क्या हो ?’

उता, छुट्टीमा नेपाल झर्ने सन्ततिले पनि सहज महसुस गर्न सक्दैनन् । ‘हामीले दिएको दबाब सही थियो कि गलत ?’ यस्तो नैतिक द्वन्द्व उनीहरूभित्र पनि चुलिन सक्छ । नेपालमै बसेर सङ्घर्ष गरिरहेका, र मतदान गर्दा आफ्नो विवेक प्रयोग गरेका नागरिकका मनमा भने अर्कै द्वन्द्व पैदा हुन सक्छ । निर्णयलाई प्रभावित गर्नेहरूप्रति हेर्ने दृष्टिकोणमै दरार उत्पन्न हुन्छ । चुनावको परिणाम केवल सत्ता हस्तान्तरण होइन; त्यसले दैनिक जीवन, सम्बन्ध र आत्मसम्मानसम्म असर गर्छ ।

**लोकतन्त्र फोनले होइन, विवेकले बाच्ने प्रणाली हो**

राजनीतिक असहमति स्वाभाविक हो । तर राजनीति पारिवारिक सम्बन्ध बिगार्ने हतियार बन्नु हुँदैन । मताधिकार नितान्त व्यक्तिगत अधिकार हो र यसको संरक्षण उम्मेदवार, मतदाता, परिवार र राज्य सबैको साझा जिम्मेवारी हो । उम्मेदवार ले मत माग्न पाउँछन्, तर आफैँ मतदान गराइदिने प्रबन्ध गर्न पाउँदैनन् । सन्ततिले सुझाव दिन सक्छन्, तर अभिभावकको विवेक कब्जा गर्न सक्दैनन् । यसमा निर्वाचन आयोगले अनदेखा गर्न मिल्दैन ।

यदि आज फोनको प्रभावलाई सामान्य मानियो भने भोलि मतदाताको स्वतन्त्र विवेक झन् कमजोर हुने खतरा रहन्छ । अन्ततः सरकार कसले बनाउने भन्ने निर्णय मतदाताकै विवेकले तय गरोस् भन्ने अपेक्षा सबैको हो ।

*(स्रोतः अनलाईनखबर)*

# अचेत भेटिएका पुरुषको मृत्यु

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४, पारिजातपथस्थित सानिमा बैंक अगाडि सडक छेउमा अचेत अवस्थामा भेटिएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मंगलबार राती ८ बजेर ५० मिनेटको समयमा नाम थर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुष सडक किनारामा अचेत अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

उनलाई उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । उपचारको क्रममा उनको राती ९ बजेर ५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मृतकको शव अस्पतालमै राखिएको छ । बाहिरी चोटपटक नदेखिएको र घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

**विशेष गरी फागुनदेखि जेठसम्मको सुख्खा मौसममा हावाहुरी चल्ने र आगलागीका घटनाहरू तीव्र रूपमा बढ्ने भएकाले यसको जोखिमबाट बँच्न र बचाउनका लागि निम्न कुराहरू पालना गरौं :**

१. वन–जंगलमा डढेँलो लाग्न नदिन कसैले पनि वन क्षेत्रमा चुरोटका ठुटा वा सलाई नफालौं ।
२. घरभित्र वा बाहिर आगोको काम सकिएपछि पूर्ण रुपमा निभ्यो कि निभेन भन्ने सुनिश्चिच गरौं ।
३. विद्युतीय सर्टबाट हुन सक्ने आगलागी रोक्न पुराना वाइरिङ मर्मत गरौं र घर बाहिर जाँदा मेन स्विच बन्द गरौं ।
४. ग्याँस लिक भएको छ कि छैन नियमित जाँच गरौं र काम सकिएपछि रेगुलेटर बन्द गर्ने बानी बसालौं ।
५. स–साना बालबालिकालाई सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तुहरुबाट टाढै राखौं ।
६. हावाहुरी चलेको समयमा आगो बाल्ने, फोहोर जलाउने वा वनभोज खाने जस्ता कार्य नगरौं ।
७. हावाहुरीले रुखका हाँगा भाँच्न सक्ने वा बिजुलीका तार चुँडाउन सक्ने हुँदा त्यस ठाउँबाट टाढै रहौं ।
८. घरको छतमा रहेका जस्तापाता वा उड्न सक्ने सामानहरुलाई बलियो गरी बाँधेर राखौं ।
९. खेतबारीमा रहेका अवशेष (पराल आदि) जलाउँदा हावा नचलेको समयमा र पूर्ण नियन्त्रण मात्र जलाऔं ।
१०. आगोलागी भइहालेमा तुरुन्तै स्थानीय दमकल सेवा वा प्रहरीलाई खबर गर्ने संयन्त्र तयार राखौं ।
११. आफ्नो घर र टोलमा अग्नि नियन्त्रक उपकरण (Fire Extinguisher) वा बालुवा र पानीको व्यवस्था गरौं ।
१२. हावाहुरीको समयमा कच्ची घर वा कमजोर संरचना मुनि ओत नलाऔं ।
१३. जंगलमा लागेको डढेँलो नियन्त्रण गर्न सामूहिक सक्रियता देखाऔं र वन स्रोतको रक्षा गरौं ।
१४. आगलागी सम्बन्धी कुनै पनि शङ्कास्पद गतिविधि देखिएमा तुरुन्तै स्थानीय प्रशासनलाई जानकारी दिऔं ।
१५. “सजगता नै सुरक्षा हो” भन्ने कुरालाई मनन गरी आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community




**नयाँ रेस्टुरेन्ट खोल्दै हुनुहुन्छ ? यो सुनौलो अवसर नछुटाउनुहोस् !**

✔ चलिरहेको रेस्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् ।

✔ भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

✔ नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका ।



**सम्पर्क: ९८५१०२४८६८**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# थाहा नगरमा शिक्षक भलिबल सुरु



समाज संवाददाता

हेटौंडा : मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा शिक्षक भलिबल प्रतियोगिता सुरु भएको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिको आयोजना बुधबारदेखि पालिकास्तरीय दोस्रो रनिङ शिल्ड भलिबल प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता बिहीबारसम्म चल्नेछ ।

बुधबार नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिका अध्यक्ष मनोज लामिछाने तथा संगठनका केन्द्रीय उपमहासचिव श्रीराम दहालको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो । प्रतियोगितामा १४ वटा विद्यालयको सहभागिता रहेको छ । बुधबार प्रतियोगिताको पहिलो दिन ११ वटा खेल सम्पन्न भएको खेल संयोजक राम महर्जनले जानकारी दिनुभयो ।

प्रतियोगिताका बाँकी खेलहरु आज बिहीबार हुँदैछ । प्रतियोगिताको उपाधि विजेताले २५ हजार रुपैयाँ र उपविजेताले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका अन्य दुई टोलीले ५/५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी व्यक्तिगत विधागत उत्कृष्ट खेलाडीको लागि पनि ट्रफीको व्यवस्था गरिएको आयोजकले जनाएको छ । प्रतियोगिता थाहा-३ स्थित जनकल्याण माध्यमिक विद्यालयको खेलमैदानमा हुँदैछ ।

# ‘तल्लो कक्षादेखि नै आधार बलियो बनाउनुपर्छ’

यस वर्षको एसईई आगामी चैत १९ गतेबाट सुरु हुँदैछ । विद्यालय तहको महत्वपूर्ण परीक्षाको रुपमा एसईईलाई लिइन्छ । पछिल्लो समय सरकारले कक्षा-१२ सम्मको शिक्षालाई विद्यालय तहको शिक्षा भने पनि अझै १० कक्षाको वार्षिक परीक्षा नै विद्यालय परीक्षाको रुपमा स्थापित छ । गत वर्ष एसईईमा मकवानपुर जिल्लाको नतीजा राष्ट्रिय एवम् प्रादेशिकस्तर भन्दा कमजोर रह्यो । यद्यपि कतिपय पालिकाले गत वर्ष अघिल्लो वर्षको तुलना एसईईको नतीजामा सुधार ल्याएको थियो । यस वर्षको एसईईको नतीजामा सुधारका लागि पनि मकवानपुरमा पालिका, वडा र विद्यालयले आआफ्नो तहमा मिहिनेत गरेको देखिन्छ । एसईईको अभ्यास परीक्षा र अन्तिम परीक्षाको सन्दर्भमा रहेर नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्र लुइटेलसँग समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश :



**भोगेन्द्र लुइटेल, अध्यक्ष**
**नगरस्तरीय शैक्षिक समन्वय समिति, हेटौंडा**

**समाज : यस वर्षको एसईई तयारी परीक्षाको व्यवस्थापन कस्तो रह्यो ?**

**लुइटेल** : नगरका ३० सामुदायिक माध्यमिक विद्यालयमध्ये २८ विद्यालय सहभागी भए । कुल १ हजार ६ सय ४८ विद्यार्थीले परीक्षा दिए । विषय विज्ञबाट प्रश्नपत्र तयार गरी विद्यालयमा वितरण गरियो । परीक्षा सञ्चालन शान्तिपूर्ण रह्यो, सामान्य छपाइ समस्या बाहेक अन्य कठिनाइ आएन ।

**समाज : नतिजा कहिलेसम्म सार्वजनिक हुन्छ ?**

**लुइटेल** : एसईई अभ्यास परीक्षाको नतीजा फागुन १० गतेभित्र प्रकाशन गरी विद्यार्थीलाई पृष्ठपोषण दिने र आवश्यक परे उपचारात्मक कक्षा सञ्चालन गर्ने तयारी छ । एसईई केही पछि सरेकाले तयारीका लागि अझै समय छ । करिब डेढ महिना विद्यार्थीले तयारीको अवसर प्राप्त गर्नेछन् ।

**समाज : अहिले विद्यालयहरूले ‘क्लोज क्याम्प’ सञ्चालन गरिरहेका छन् । यसको प्रभाव कस्तो देख्नुहुन्छ ?**

**लुइटेल** : विद्यार्थीलाई केन्द्रित वातावरणमा पढाउन क्याम्प प्रभावकारी देखिएको छ । कतिपय पालिका र वडाले पनि सहयोग गरेका छन् । तर अनुगमन र सुपरिवेक्षण पक्ष अझ सुदृढ हुन जरुरी छ । कतिपय विद्यालयमा क्लोज क्याम्प राख्दा पनि नतीजामा सुधार भएको छैन भने अधिकांशमा यसको राम्रो प्रभाव छ ।

**समाज : सिकाइ सुधारका लागि मुख्य रूपमा के कुरामा ध्यान दिनुपर्ला ?**

**लुइटेल** : केवल एसईईमा मात्र केन्द्रित भएर हुँदैन । तल्लो कक्षादेखि नै आधार बलियो बनाउनुपर्छ । अहिलेका विद्यार्थीलाई प्रविधिसँग जोडेर सिकाइ गराउनुपर्छ । साथै अभिभावक र शिक्षकबीच निरन्तर समन्वय आवश्यक छ ।

**समाज : एसईईमा सहभागी हुने विद्यार्थीका अभिभावक र शिक्षकका लागि तपाईँको सन्देश ?**

**लुइटेल** : अभिभावकले घरमा पढ्ने वातावरण बनाउनुपर्छ, अनावश्यक दबाव दिनुहुँदैन । शिक्षकहरूले विद्यार्थीको कमजोरी पहिचान गरी नियमित अभ्यास गराउनुपर्छ, विशेषगरी गणितजस्ता विषयमा ।

**समाज : अन्त्यमा एसईईमा सहभागी हुने विद्यार्थीलाई के भन्नुहुन्छ ?**

**लुइटेल** : हालै एसईई अभ्यास परीक्षा सकिएको छ । त्यसको नतीजा क्रमशः सार्वजनिक हुनेछ । अभ्यास परीक्षाको नतीजालाई विश्लेषण गरेर बाँकी समयलाई सही सदुपयोग गर्नुहोस् । लेखेर पढ्ने बानी बसाल्नुहोस् र नजानेका कुरा सोध्न नहिचकिचाउनुहोस् । आत्मविश्वासका साथ तयारी गर्नुहोस् । सबैलाई सफलताको शुभकामना ।

# मनहरीका रामबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-६ सुनाचुरी रामडाँडामा माछा मार्ने क्रममा प्रेसरले हानेर बेहोस भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ४३ वर्षीय मण्डल प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार बिहान ११ बजेर ३० मिनेटको समयमा ४२ वर्षीय रामबहादुर तामाङको पोखरीमा प्रजाले जाल हानी माछा निकाल्ने क्रममा प्रेसर बढेर एक्कासी बेहोस भएका थिए । उनलाई उपचारका लागि तत्कालै चितवनस्थित भरतपुर अस्पताल लगिएको थियो । उपचारकै क्रममा दिउँसो १ बजेको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ । मुचुल्का पश्चात् शव पोस्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सत्यम जेभियर्सको अभिभावक दिवस

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४ स्थित सत्यम जेभियर्स माध्यमिक विद्यालयको अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । बुधबार विभिन्न साँस्कृतिक कार्यक्रमसहित विद्यालयले अभिभावक दिवस मनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् संस्थापक निर्देशक बद्री प्रसाद पुडासैनीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै विद्यालयकी प्रधानाध्यापक गीता आचार्य पुडासैनीले बालबालिकालाई नियमित रूपमा विद्यालय पठाउन र घरमा पनि उनीहरूको शैक्षिक गतिविधिलाई नजिकबाट निगरानी गर्न अभिभावकहरूलाई अनुरोध गर्नुभयो ।

अभिभावक दिवसको अवसरमा विद्यालयमा लामो समयदेखि कार्यरत शिक्षक भवानी शिवाकोटी र एसईईमा शतप्रतिशत नतिजा ल्याउन सफल शिक्षक पुष्पा गुरुङ सम्मान गरिएको थियो । शिवाकोटी २०७० सालदेखि विद्यालयमा कार्यरत हुनुहुन्छ । यस्तै विद्यालयले आफ्ना शिक्षक प्रनिस घिमिरेलाई बुधबार विदाई गरेको छ । कार्यक्रममा शैक्षिक सत्रभरि सञ्चालित परीक्षा तथा खेलकुद प्रतियोगिताहरूमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरूलाई मेडल, ट्रफी र प्रमाणपत्र वितरण गरेको थियो ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# सिद्धार्थ शिशु सदनको ४५ औँ अभिभावक दिवस



*अभिभावक दिवसमा नृत्य गर्दै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालयले ४५औं अभिभावक दिवस मनाएको छ । बुधबार विद्यालयका सञ्चालक नवराज अर्यालको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा अभिभावक दिवस सम्पन्न भएको हो ।

विद्यालयले अभिभावक दिवसको अवसरमा कक्षागत उत्कृष्ट अभिभावकहरुलाई सम्मान गरेको छ । यस्तै कक्षागत अनुशासित विद्यार्थी, उत्कृष्ट शिक्षक, हाइजिन एण्ड स्यानिटेसनतर्फ उत्कृष्ट विद्यार्थी, २०८१ सालको वार्षिक परीक्षामा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गरेका विद्यार्थीहरुलाई, २०८१ सालको एसईई परीक्षामा ‘ए प्लस’ ल्याउने शिक्षक र ‘ए प्लस तथा ए’ ग्रेड ल्याउने विद्यार्थीहरुलाई अभिभावक दिवसको अवसरमा विद्यालयले सम्मान गरेको छ ।

अभिभावक दिवसको अवसरमा विद्यार्थीहरुले साँस्कृतिक प्रस्तुतीका साथै विद्यालय परिसरमा विज्ञान प्रदर्शनी पनि गरेका थिए । अभिभावक दिवस कार्यक्रममा वडाध्यक्ष सुशील घिमिरे, हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरि चन्द्र सापकोटा र प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, स्काउट राष्ट्रिय परिषद् सदस्य अशोक सारु मगरको उपस्थिति रहेको थियो ।

## हेटौंडा आउँदै गरेको गाडीमा गाँजा
# १२ किलोमिटरसम्म लखेट्दै चालक पक्राउ



*प्रहरीले बरामद गरेको लागूऔषध गाँजा*

समाज संवाददाता

हेटौंडा : कान्तिलोकपथ हुँदै हेटौंडातर्फ आउँदै गरेको गाडीमा ललितपुर प्रहरीले लागूऔषध गाँजा बरामद गरेको छ । तरकारी ढुवानी गर्ने ना ३ च ४०५ नम्बरको हात्ती गाडी धादिङ जिल्लाबाट कान्तिलोकपथ हुँदै हेटौंडातर्फ आउँदै गर्दा बुधबार बिहान ८ बजेर ४० मिनेटको समयमा ललितपुर प्रहरीले ललितपुरको बागमती गाउँपालिका-३, छपेलीमा सुरक्षाजाँच गर्दा प्रहरीले १ सय ५३ केजी गाँजा बरामद गरेको जनाएको छ ।

ललितपुर प्रहरीका अनुसार प्रहरी चौकी भट्टेडाँडाबाट खटिएको टोलीले सुरक्षाजाँच गर्दा फल्स बटम बनाएको देखेर सोधपुछ गर्दा चालक एक्कासी भागेका थिए । जंगलतर्फ भागेका चालकलाई प्रहरी टोलीले १२ किलोमिटर टाढा घेराबन्दी गरी बागमती-२, बगुवाकोबाट पक्राउ गरेको जनाएको छ । चालक रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका-७ घर भई हाल हेटौंडा बस्दै आएका २८ वर्षीय नगेन्द्र श्रेष्ठ भएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# दीपकुमार उपाध्यायसहित १९ जना कांग्रेसबाट निष्काशन सिफारिस

समाज संवाददाता

बुटवल : नेपाली कांग्रेस कपिलवस्तुले पूर्वकेन्द्रीय सदस्य दीपकुमार उपाध्यायसहित १९ जनालाई पार्टीबाट निष्काशन गर्न सिफारिस गरेको छ । पूर्वराजदूतसमेत रहेका उपाध्यायका छोरा आशिष शर्मा कपिलवस्तु-१ मा कांग्रेसका आधिकारिक उम्मेदवारविरुद्ध बागी उठेका छन् । त्यहाँ कांग्रेसले अतहर कमाल मुसलमानलाई आधिकारिक उम्मेदवार बनाएको छ । उनी दुई पटकका सांसद पनि हुन् ।

कपिलवस्तु कांग्रेसको जिल्ला कार्यसमितिले जिल्ला अनुशासन समितिको बैठकबाट आएको सिफारिसका आधारमा नेता उपाध्याय, छोरा आशिषसहित १९ जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्न पार्टीको प्रदेश र केन्द्रीय समितिमा सिफारिस गरेको हो ।

कारबाही सिफारिसमा परेकाहरूमा उपाध्यायका बाबुछोराबाहेक महासमिति सदस्यहरू राजेशबहादुर सिंह, कमल टण्डन, विष्णु न्यौपाने, कपिलवस्तु-१ का क्षेत्रीय सभापति अब्दुल मन्नान खाँ, जिल्ला सदस्यहरू हरिराज घिमिरे, कमलराज आचार्य, कपिलवस्तु-१ (क) का क्षेत्रीय सभापति दुर्गा केसी, महाधिवेशन प्रतिनिधि डोलकराम घिमिरे, कपिलवस्तु-१ (क) का क्षेत्रीय सदस्य विनोद घिमिरे, शुद्धोधन गाउँपालिका सभापति विश्वम्भर कुर्मी, मायादेवी गाउँपालिकाका सभापति शैलेन्द्रधर द्विवेदी, बाणगंगा नगरपालिका वडा नं ६ का इकाई सभापति अनिल पाण्डे, क्षेत्रीय प्रतिनिधिहरू सरजुप्रसाद चौधरी, तिलकराम पाण्डे, परमेश्वर पाठक, चर्तुभुजीमणि त्रिपाठी र मिथिला शर्मा छन् ।

पार्टीका आधिकारिक उम्मेदवारको विरोधमा उभिएको तथा अन्य उम्मेदवारलाई समर्थन गरेको प्रमाणका आधारमा कारबाही सिफारिस गरिएको कपिलवस्तु कांग्रेसले जनाएको छ । पार्टी विधानको धारा ३४ को उपधारा ४ (क) र (ख) बमोजिम उनीहरूलाई पाँच वर्षसम्म निष्काशन गर्ने निर्णयसहित सिफारिस गरिएको जिल्ला सचिव शक्ति सिंह ठकुरीले जानकारी दिए । कपिलवस्तु-१ मा नेकपा एमालेले संविधानसभा सदस्य विश्रामप्रसाद थारु, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट कृष्णबहादुर कुँवर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मोहन आचार्य उम्मेदवार छन् । *स्रोत : अनलाइनखबर ।*

वास्तु किन चाहिन्छ ?
Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशुल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ